आज मिति २०७५/०४/१६ गते बुधबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ३३ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि देहाय बंमोजिमको प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

## अन्य उपस्थिति

वीरध्वज लिम्बु

श्री कमल प्र. भण्डारी

निर्णयहरु

१. माईजोगमाई गाउँपालिकाको आ.व. २०७५।७६ को लागि गाउँसभावाट स्विकृत बजेट तथा कार्यक्रम अर्न्तगतको निम्न योजनाहरु टेण्डर मार्फत सम्पन्न गर्ने गरि नियमानुसार प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निम्न

| क्र.सं. | कार्यक्रम तथा योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | नयाँबजार कालोपत्रे सडक निर्माण | १ करोड १० लाख | टेण्डर |
| २. | विधुत विस्तार सामग्री खरिद | १ करोड १० लाख | टेण्डर |
| ३. | सवारी साधन खरिद | १ करोड १९ लाख | टेण्डर |
| ४. | हेवी मेसिनरी औजार खरिद | १ करोढ ५५ लाख | टेण्डर |
| ५. | वडा नं. १ वडा कार्यालय भवन | ६५ लाख | टेण्डर |

२. गाँउ सभावाट आ.व. ०७५।७६ को लागि स्विकृत बजेट तथा कार्यक्रम अर्न्तगतको सर्म्पुण विकास योजनाहरु को कार्यान्वयनको लागि उपभोक्ता समिति गठन गर्नुपर्ने भएकोले नियमानुसार उपभोक्त समिति भाद्र मसान्त सम्म गठन गरि सो को प्रतिवेदन पेश गरी सक्नु पर्ने गरी सवै वडा कार्यालयलाई पत्राचार गरी जानकारी गराउने निर्णय गरियो ।

३. गत आ.व. निर्माण कार्य शुरु भएको वडा नं. १ को वडा भवन निर्माण कार्य टेण्डर वा उपभोक्ता समिति मार्फत गर्ने , उपभोक्ता समिति मार्फत गर्ने भए तोकिएको मिति भित्र गठन गरी निर्माण कार्य शूरु गराउने निर्णय गरियो ।

४. आ.व. २०७४।०७५ सम्म यस गाउँपालिकाको आर्थिक कारारेवार नेपाल बैक लिमिटेड, ईलाम शाखा बाट भई आएकोमा आ.व. ०७५।७६ देखि गाउँपालिकाको सर्म्पुण आर्थिक कारोवार सिभिल बैक लिमिटेड, नयाँबजार शाखा (क बर्ग मान्यता प्राप्त) बाट नियमानुसार खाता सञ्चालन गरी आर्थिक कारोवार गर्ने निर्णय गरियो ।

५. संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको स्थानीय तहको अन्तरिम संगठन संरचना र स्विकृत दरबन्दी कार्यान्वयनमा रहेकोमा उक्त मन्त्रालयको मिति २०७५।४।६ को परिपत्र अनुसार स्थायी संगठन संरचना र दरवन्दी निर्धारण गरी स्विकृत गर्नुपर्ने प्रयोजनार्थ यस गाउँपालिकाको अन्तरिम संगठन संरचनामा विषयगत शाखामा आवश्यक कर्मचारी दरवन्दी थप गरी प्रस्ताव मन्त्रालयमा पठाउने निर्णय गरियो ।

६. माईजोगमाई गाउँपालिकामा एकगाउँ एक प्राविधिक पशु सेवा तर्फको रिक्त रहेको पदको लागि दरखास्त आव्हान गरिएकोमा उक्त पदको लागि मिति २०७५।४।२६ गते शनिवार परिक्षा सञ्चालन गर्ने साथै उक्त परिक्षाको सर्म्पुण कार्य तथा उम्मेद्धवार सिफारिस गर्न तपशिलको छनौट तथा सिफारिस समिति गठन गरि जिम्मवारी दिने निर्णय गरियो ।

Scanned by CamScanner

निम्न

| | | |
|---|---|---|
| चन्द्रप्रकास बस्नेत, | प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| मतिलाल कवर, | नायव पशु सेवा प्राविधिक | सदस्य |
| डम्बर कुमार प्रधान, | खरिदार प्रशासन | सदस्य |

७. हाल वर्षा याममा अविरल वर्षाको कारण पहिरोमा परि घरवार विहिन भएका र चट्यांगमा परि सख्त घाईते भएका निम्न परिवारलाई गाउँपालिकाको विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ को पहिरो पिडितलाई वुँदा नं. २२ (ख) र चट्यांगवाट पिडितलाई २२ (क) बमोजिम निम्न अनुसार राहत रकम उपलब्ध गराउने निर्णय गरियो । निम्न,

| क्र.सं. | पिडितको नाम | ठेगाना | कारण | राहत रकम रु. | कैफ्रियत |
|---|---|---|---|---|---|
| १. | जंग बहादुर थामी | माईजोगमाई ३ | पहिरो | रु १५ हजार बरावरको जिन्सी | |
| २. | जय कुमार थामी | माईजोगमाई ३ | पहिरो | रु १५ हजार बरावरको जिन्सी | |
| ३. | प्रेमलाल थामी | माईजोगमाई ३ | पहिरो | रु १५ हजार बरावरको जिन्सी | |
| ४. | मिङ्मा शेर्पा | माईजोगमाई १ | चट्यांग | रु ५ हजार नगद | |

८. गाउँपालिका र करुणा फाउण्डेसन नेपाल को साझेदारीमा सञ्चालन भएको हेरचाहको लागि उत्प्रेरणा कार्यक्रमलाई गत बर्ष जस्तै चार वडा क्लष्टरबाट गाउँपालिका क्षेत्र भरी कार्यक्रम सञ्चालन को निरन्तरता दिने निर्णय गरियो ।

९. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत हाल यस गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतको करार सम्झौता निरन्तरता सम्बन्धमा मिति २०७५।०३।२४ गतेको परिपत्र बमोजिम आगामी २०७५ श्रवण १ गते देखि थप ६ महिनाको लागि उक्त कार्यक्रम र यस कार्यालयको लागत साझेदारीमा निजको सेवा करारलाई निरन्तरता दिने व्यवस्था भए बमोजिम यस कार्यालयबाट कूल लागतको २५ प्रतिशत बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

१०. विविध

क) गुप्ती खण्ड र नयाँ बजार शुक्रवारे सडक खण्ड प्राविधिक अध्ययन गरी उक्त खण्डको मर्मत सम्भार कार्य शुरु गर्ने निर्णय गरियो ।

Scanned by CamScanner